## वीरेन्द्रनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

### मिति २०७९।०६।११ गतेको नवौ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १.** यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

**निर्णय न. २ वीरन्द्रनगर नगरपालिकाको ढुङ्गा, गिट्टी र वालुवाको उत्खनन तथा संकलन सम्वन्धी प्रारम्भिक वातावरणीय प्रतिवेदन ( IEE) सम्वन्धमाः**

वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्रको झुप्रा खोला र भेरीनदीबाट नदीजन्य ढुङ्गा गिट्टी वालुवाको दिगो संकलन उत्खनन् गर्न विज्ञहरुमार्फत यस नगरपालिकाले तयार गरी पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनलाई यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ उपदफा ४ बमोजिम स्वीकृति गर्ने साथै उल्लेखित (IEE) प्रतिवेदनले झुप्रा खोला र वी.न.पा. २ स्थित भेरी नदीको वगर क्षेत्रका विभिन्न स्थानमा उल्लेख गरेको स्थानवाट IEE प्रतिवेदनले दिएका सुझाव वमोजिम पालना गर्दै उत्खनन् कार्यमा हेभी इक्यूमेन्ट प्रयोग नगर्ने गरी ४३१२०/- घ.मी. नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्न नियमानुसार वोल पत्रको प्रकृया अगाडी बढाउने ।

**निर्णय न. ३. विविधः**

**(क)** यस कार्यालयमा कार्यरत स्वास्थ्य सेवा लगायत विभिन्न सेवा समुहका समायोजन भई आएका, कामकाजमा आएका तलवी प्रतिवेदन पारित भएका वा विभिन्न कारणले तलवी प्रतिवेदन पारित हुन बाँकी रहेका समेत कर्मचारीहरुको तलव भत्ता भुक्तानी सम्वन्धमा आर्थिक प्रशासन शाखाबाट टिप्पणी उठान भई आएकोमा हाललाई महान चाड दशै तिहार समेत नजिक रहेकोले तलव भत्ता भुक्तानी गर्ने । साथै स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको हकमा मिति २०७९/०५/२८ गतेको नगरकार्यपालिकाको आठौं बैठकको निर्णय वमोजिम हुनेगरि निर्णय कार्यान्वयन गर्ने र अन्य सेवा समुहको कर्मचारीहरुको हकमा O&M स्वीकृत भई कार्यान्वयन नहुदा सम्मका लागि निरन्तरता दिने ।

**(ख)** वीरेन्द्रनगर ६ मा रहको सिटीहलमा कार्यरत सरसफाईकर्मी तेज वहादुर दर्लामीले विभिन्न समयमा मादक पदार्थ सेवन गरि आचरण विपरित काम गरेको र कार्यजिम्मेवारीको समेत ब्यवास्ता गरेको भन्ने वुझिन आएको हुदा निजसंगको करार सम्झौता रद्ध गरि निजको स्थानमा वीरेन्द्रनगर ९

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

सुर्खेत वस्ने ना.प्र.न.६४१०२०/९११७५ सुर्खेतका श्री केशव वि.सी.लाई तोकिएको कार्यजिम्मेवारी सहित करार सम्झौता गरिएको हुदा सोको अनुमोदन गर्ने ।

(ग) ल्यान्डफिल्ड साईड तथा दिशाजन्य लेदो व्यवस्थापन प्लान्टमा कार्यरत कर्मचारीहरुको करार म्याद मिति २०७९ असार मसान्तमा समाप्त भएको र सेवा करार गरि कामकाजमा लगाउन आवस्यक देखिएको हुदा तपसिलका कर्मचारीहरुको मिति२०७९ श्रावण १ देखि लागु हुनेगरि मिति२०७९ पौष मसान्त सम्मको लागि करार म्याद थप गरि कामलाई निरन्तरता दिने ।

तपसिलः

१.श्री हरीसरा नेपाली

२.श्री प्रेम बहादुर कसेरा

३.श्री ओम बहादुर कसेरा

४.श्री पुष्पा दमाई

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतको प.स.२०७८/०७९ च.नं. ११६ मिति २०७९/०५/१५ गतेको पत्रबाट विरेन्द्रनगर प्रवेश गर्ने मुख्य नाका हरुमा दैनिक रुपमा सवारी चालकको मा.प.से. चेक गर्नको लागि प्रमुख जिल्ला अधिकारी सहितको बैठक वसी निर्णय भई प्राप्त पत्र मार्फत तीन थान ब्रेथलाईजर माग भई आएको हुदा चाडपर्व तथा ट्राफिक व्यवस्थापनलाई ध्यान दिई तीन थान ब्रेथलाईजर उपलव्ध गराउने ।

(ङ) वी.न.पा. वडा नं. ५ को प.स.२०७९/०८० चलानी नं. ३१४ मिति २०७९/०६/०६ को पत्रबाट चालु आ.व. २०७९/८० मा विनियोजित तपशिलको शिर्षक परिवर्तन गरिदिन वडा समितिको निर्णय सिफारिस भएकोमा पुजीगतबाट पुजीगतमा रकम विनियोजन हुनेगरी शिर्षक परिवर्तन गर्ने ।

तपसिल

| शिर्षक नं. | शिर्षक | परिवर्तन भएर कायम हुने शिर्षक |
|---|---|---|
| ६७-५ | विहानी टोलदेखि श्रीनगर टोल जाने बाटो ढलान निर्माण | विहानी टोलदेखि श्रीनगर टोल जाने बाटोमा इन्टरलक ब्लक निर्माण |
| ६७-१३ | आनन्द टोल रुप विर रानाको घर देखि उतर जाने ठाडो बाटो ढलान | आनन्द टोल रुप विर रानाको घर देखि उतर जाने ठाडो बाटो र हरिमाया गुरुङको घरदेखि विद्यालय तर्फ जाने बाटोमा इन्टरलक ब्लक निर्माण |

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| ६७-१४ | कालिका टोल घनश्याम भण्डारीको घरतर्फ जाने बाटो ढलान | कालिका टोल घनश्याम भण्डारीको घरतर्फ जाने बाटोमा इन्टरलक ब्लक निर्माण |
| ६७-१५ | कृष्ण प्रणामी मन्दिर अगाडीको बाटो ढलान | कृष्ण प्रणामी मन्दिर अगाडीको बाटोमा इन्टरलक ब्लक निर्माण |

(च) वडा नं. १२ मा चालु आ.व.२०७९/८० मा पुर्वाधार विकास क्षेत्र अन्तर्गत आर्मी क्याम्पदेखि खोरियाहुदै जर्वुटा रुट पैदल मार्ग निर्माणका लागि रु २०,००,०००। (अक्षरुपी वीस लाख मात्र) विनियोजन भएकोमा उक्त योजनाको शिर्षक परिवर्तन गरि नेवारेखोला देखी खोरिया सडकमा पक्कीनाला निर्माण गर्ने शिर्षक कायम गरिदिन वडा कार्यालयबाट सिफारिस भई आएको हुदा उक्त शिर्षक परिवर्तन गरि नेवारेखोला देखि खोरिया सडकमा पक्कीनाला निर्माण गर्ने शिर्षक कायम गर्ने र सोही वमोजिम योजना कार्यान्वयन गर्ने गराउने।

(छ) सिसिटिभिको मर्मत तथा जडान सम्वन्धमाः

कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर नगरपालिकामा सुरक्षाका दृष्टिकोणले समेत महत्वपुर्ण रहेका नगरक्षेत्रका चोक एंव सार्वजनिक स्थलहरुमा नगरपालिकाको श्रोतबाट विगतमा ९२ थान सिसिटिभी जडान गरि सन्चालन भईरहेको र उक्त सिसिटिभि लाईनहरु विभिन्न कारणले विग्रन गई हाल ३० वटा मात्र चालु अवस्थामा रहेको तथा प्रदेश राजधानीको सुरक्षाको जिम्मेवारी तीन तहकै सरकारको रहेको सन्दर्भमा संघ/प्रदेश/स्थानीय तहमार्फत भएका सडक निर्माण एंव चौडा गर्ने क्रममा साविकमा जडान भएका क्यामेरा तथा तारहरु विग्रिएको साथै आसन्न दशै, तिहार लगायत महत्वपुर्ण चाडवाड एंव आउदै गरेको संघ र प्रदेशको चुनावका लागि सुरक्षा चुनौती समेत बढ्न सक्ने भएकोले सिसिटिभि को मर्मत जडान र क्षमता विस्तारको कामको लागि सुरक्षा निकायबाट पटक पटक अनुरोध भई आएको अवस्थामा उक्त खर्च नगरपालिकाको आन्तरिक श्रोतले मात्र धान्न नसक्ने अवस्था भएकोहुँदा सिसिटिभिको मर्मत, स्थानतरण तथा थप क्षमता विस्तारका लागि प्राविधिक लागत अनुमान अनुसार रु ५० लाख अनुमानित लागत लाग्ने देखिएकोले रकम विनियोजन गरि सेवा सुचारु गर्ने व्यवस्था मिलाईदिनुहुन कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गरि पठाउने ।

(ज) वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ र ६ को फोहोर व्यवस्थापनका लागि वडा कार्यालयबाट पेश भएको सरसफाई प्रस्तावना नगरपालिकाबाट कुनै पनि वित्तीय उत्तरदायित्व नहुनेगरि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १२ को (ग) ११ वमोजिम वडाबाटै गर्ने गरि प्रस्तावना स्वीकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख